# सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६

प्रमाणीकरण मिति

२०७७।३।११

प्रस्तावना : सुदूरपश्चिम प्रदेश बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक प्रदेश भएकोले यस प्रदेशभित्रका सबै भाषा, साहित्य, कला तथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने कुरालाई हृदयाङ्गम गर्दै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ ।

(ङ) "सहकुलपति" भन्नाले सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्री सम्झनु पर्छ ।

(च) "उपकुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले कुलपति, सहकुलपति, उपकुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनको संरक्षण, संवर्धन र विकास गर्नका लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर र प्रतिरक्षा गर्न सक्नेछ तथा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

(६) प्रतिष्ठानले वैदेशिक सहयोग लिँदा प्रदेश सरकार मार्फत नेपाल सरकारसँग तथा चल र अचल सम्पत्ति बिक्री गर्दा प्रदेश सरकारको अनुमति लिनु पर्नेछ ।

५. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने गराउने,

(ग) प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने गराउने,

(घ) आवश्यकता अनुसार विदेशी भाषाबाट नेपालका सबै भाषामा र नेपालका भाषाबाट विदेशी भाषाका उच्चस्तरीय कृतिहरुको अनुवाद एवं प्रकाशन गर्ने गराउने,

(ङ) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्ने गराउने,

(च) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने गराउने,

(छ) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग सम्बन्ध राख्ने, भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने गराउने,

(ज) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिहरुलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(झ) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान्, साहित्यकार एवं सामाजशास्त्रीहरुको प्रतिभा विकसित हुने वातावरण सृजनाको लागि सहयोग, सद्भाव र समन्वय अभिवृद्धि गर्ने,

(ञ) सुदूरपश्चिम प्रदेशका विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको संवर्धन र संरक्षण गर्ने,

(ट) लोक साहित्यको अध्ययन, अनुसन्धान, संवर्धन र संरक्षण गर्ने,

(ठ) प्रदेशका सबै भाषाका शब्दकोष अन्य भाषामा समेत तयार गरी प्रकाशन गर्ने तथा भाषालाई सम्वृद्ध र वैभवशाली बनाउन विभिन्न शब्द तथा शब्दावलीको सृजना गरी प्रचलनमा ल्याउने,

(ड) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, समाजशास्त्री, संस्कृतिविद् तथा संस्थाहरूलाई सम्मान र प्रोत्साहन गर्ने,

(ढ) प्रदेशका सबै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ण) प्रदेशका सबै भाषा तथा साहित्यलाई विश्व समक्ष पहिचान गराउने,

(त) प्रदेशका विभिन्न जात, जातिका लोपोन्मुख भाषा, पाण्डुलिपि र संस्कृतिको संरक्षण तथा संवर्धन गर्न प्राथमिकता दिने,

(थ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

## परिच्छेद-३

## प्रतिष्ठानको स्वरुप

६. प्रतिष्ठानको स्वरुप : देहाय बमोजिमका संगठनहरुको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) सभा,

(ख) परिषद् ।

७. सभा : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति –अध्यक्ष

(ख) सहकुलपति –सहअध्यक्ष

(ग) उपकुलपति –उपाध्यक्ष

(घ) प्रदेश सचिव, समाजिक विकास मन्त्रालय –सदस्य

(ङ) प्रदेशका सबै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरुमध्येबाट भौगोलिक र समानुपातिक समावेशीतालाई ध्यानमा राखी उपयुक्त प्रतिनिधित्व हुने गरी दफा ८ बमोजिमको कार्यदलको सिफारिसमा मुख्यमन्त्रीले मनोनीत गरेका दशजना –सदस्य

(च) सचिव –सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

(६) सभाका सदस्यहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

८. कार्यदल : (१) सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि कुलपति समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक कार्यदल रहनेछः-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय –अध्यक्ष

(ख) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय –सदस्य

(ग) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको कार्यदलले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यदलले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो कार्यदल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्ववृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य–सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा सहअध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. परिषद्को गठन : (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति –अध्यक्ष

(ख) सहकुलपति – सदस्य

(ग) उपकुलपति –सदस्य

(घ) प्रदेश सचिव, समाजिक विकास मन्त्रालय –सदस्य

(ङ) सभाका मनोनीत सदस्यहरु मध्येबाट कम्तीमा दुईजना महिला सहित विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी कुलपतिबाट मनोनीत छजना –सदस्य

(च) सचिव –सदस्य सचिव

(३) उपदफा (२) को (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ । पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) परिषद्का सदस्यहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(५) परिषद्का सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

१२. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्ववृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने,

(झ) परिषद्को काम कारबाहीको सम्बन्धमा तथा ऐनको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य–सचिवले सबै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(४) परिषद्का तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा सहकुलपतिले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-४

## प्रमुख संरक्षक, संरक्षक र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१४. कुलपति : (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख संरक्षकको भूमिकामा रहनेछ ।

१५. सहकुलपति : (१) सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति रहनेछ ।

(२) सहकुलपति प्रतिष्ठानको सहसंरक्षकको भूमिकामा रहनेछ ।

१६. उपकुलपति : (१) प्रतिष्ठानमा एकजना उपकुलपति रहनेछ र निजले प्रतिष्ठानको प्रमुख व्यवस्थापकको रुपमा पूरा समय काम गर्नेछ ।

(२) उपकुलपतिको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सहकुलपति | – अध्यक्ष |
| (ख) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | – सदस्य |
| (ग) | सचिव, सामाजिक विकास मन्त्रालय | –सदस्य |

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ ।

(४) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको उपकुलपतिको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष कार्यानुभव भएको,

(ग) नियुक्ति हुँदाको वखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा ४० वर्ष पूरा भएको र ६५ वर्ष ननाघेको, र

(छ) उच्च नैतिक चरित्र भएको ।

(५) प्रतिष्ठानको उपकुलपतिको पदावधि नियुक्ति भएको मितिले ४ वर्ष हुनेछ ।

१७. सहकुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सहकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्न कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने,

(घ) तोकिए बमोजिमका काम गर्ने ।

१८. उपकुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ख) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने,

(घ) परिषद्को स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघसंस्थासँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क तथा समन्वय गर्ने,

(च) कुलपतिको निर्देशनमा अन्य काम गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१९. सचिव : (१) प्रतिष्ठानको वरिष्ठतम निजामती कर्मचारीले सभा र परिषद्को सचिव भई काम गर्नेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. पदाधिकारी सम्बन्धी व्यवस्था : (१) कुलपतिले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ ।

(३) पदाधिकारीले प्रतिष्ठानमा पूरा समय काम गर्नेछ ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. पद रिक्त हुने अवस्था : देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा २२ बमोजिम पदबाट हटेमा,

(च) मृत्यु भएमा,

(छ) कालोसूचीमा परेमा,

(ज) नेपालको नागरिक नरहेमा ।

२२. पदबाट हटाउन सक्ने : (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले मुख्यमन्त्री समक्ष लिखित निवेदन दिएमा मुख्यमन्त्रीबाट सभाका सदस्यहरुमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नेछ र मुख्यमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा मुख्यमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि सफाईको अवसरवाट वञ्चित गरिने छैन ।

२३. <u>कर्मचारी</u> : (१) प्रतिष्ठानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

(३) प्रतिष्ठानले प्रचलित कानून बमोजिम सेवा करार गरी कर्मचारीहरुलाई काममा लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ ।

## परिच्छेद-५
## <u>कोष तथा लेखापरीक्षण</u>

२४. <u>प्रतिष्ठानको कोष</u> : (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

२५. <u>लेखा र लेखापरीक्षण</u> : (१) प्रतिष्ठानको आय र व्ययको लेखा प्रदेश सरकारले अपनाए बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

२६. <u>मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता</u> : (१) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासमा विशिष्ट योगदान पुऱ्याई प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाशास्त्रको विधामा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरीकलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले आजीवन सदस्यलाई तोकिए बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यले यस प्रतिष्ठानको हित विपरीत काम गरेमा सभाले परिषद्को सिफारिसमा त्यस्ता सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यस्ता सदस्यलाई सफाईको मौकाबाट बंन्चित गरिने छैन ।

२७. <u>कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने</u> : भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

२८. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u> : प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन समाजिक विकास मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२९. <u>शपथ</u> : आफ्नो कार्यभार सम्हाल्नु अघि उपकुलपति, सचिव र सभाका सदस्यले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३०. <u>अधिकार प्रत्यायोजन</u> : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सहकुलपति वा उपकुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. <u>प्रतिक चिन्ह</u> : प्रतिष्ठानको प्रतिक चिन्ह तोकिए बमोजिम हुनेछ ।

३२. <u>सम्पर्क मन्त्रालय</u> : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३३. <u>विनियम बनाउने अधिकार</u> : यस ऐनको कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

अनुसूची

(दफा २९ सँग सम्बन्धित)

<u>शपथ</u>

म ............................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही .................. .......पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

नामः

दस्तखतः

मितिः

□□□